नेपाल नागरिक उड्डयन प्राधिकरण

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय

प्रशासन महाशाखाको

# विभिन्न जनशक्तिहरूको सेवा प्राप्त गर्ने सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

(प्रकाशित मिति : २०७६/०८/१८)

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका लागि देहायबमोजिमका जनशक्तिहरूको सेवा आवश्यक भएकाले सो सम्बन्धी कार्य गर्नेगरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सेवा करारमा लिनुपर्ने भएको हुँदा श्रमिक आपूर्तिकर्ताको इजाजत प्राप्त तथा सामाजिक सुरक्षा कोषअन्तर्गत सूचीकृत भएका सम्बन्धित निकायबाट इजाजत प्राप्त एवम् मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म/कम्पनीहरूबाट निम्न लिखित शर्तहरूको अधिनमा रही रीतपूर्वकको सिलबन्दी प्रस्ताव आव्हान गरिन्छ।

**प्रस्तावका मुख्य शर्तहरू**

१. प्रस्तावदाताले जनशक्तिहरूको आपुर्ति गर्नका लागि देहायका अलग-अलग प्याकेजहरूमा छुट्टाछुट्टै प्रतिस्पर्धा गर्न सक्नेछन्।

| | | |
|---|---|---|
| प्याकेज १ | (क) कम्प्युटर अपरेटर | १५ (पन्ध्र) जना |
| | (ख) सहायक कम्प्युटर अपरेटर | १२ (बाह्र) जना |
| प्याकेज २ | (क) उद्घोषक/उद्घोषिका | ७ (सात) जना |
| | (ख) टेलिफोन अपरेटर | ८ (आठ) जना |
| | (ग) हेल्पर | ४ (चार) जना |
| प्याकेज ३ | (क) हेभि सवारी चालक | ८ (आठ) जना |
| | (ख) हलुका सवारी चालक | १३ (तेह्र) जना |
| प्याकेज ४ | (क) पालेपहरेदार | ७९ (उनान्असी) जना |
| | (ख) ट्रली कलेक्टर | ३६ (छत्तीस) जना |

२. प्रस्ताव डकुमेन्ट्स खरिदका लागि शर्त नं. १ को प्याकेज नं. १ देखि ३ सम्मको हकमा रु.३,३९०।- (तीन हजार तीन सय नब्बे) (मू.अ.कर सहित) र प्याकेज नं. ४ को हकमा रु.५,६५०।- (पाँच हजार छ सय पचास) (मू.अ.कर सहित) नगद रकम यस कार्यालयको त्रि.अ.वि.स्थित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालयको आम्दानी हिसाब नं. १६९००००११०६ मा (पछि फिर्ता नहुने) नगद जम्मा गरी सो बैंक भौचर यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको रसिद, फर्म रजिष्ट्रेशनको अध्यावधिक प्रमाणपत्र, श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र, सामाजिक सुरक्षा कोषमा रोजगारदाता सूचीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू तथा नियमानुसार २०७५।७६ को आय कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थपको निस्सासहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा प्रशासन महाशाखाबाट प्रस्ताव खरिद गरी ३१औं दिनको १२:०० बजेभित्र प्रत्येक प्याकेजको छुट्टाछुट्टै प्रस्ताव सिलबन्दी गरी प्रशासन महाशाखामा दर्ता गर्नुपर्नेछ। यसका साथै उक्त प्रस्ताव सम्बन्धी सूचनाको जानकारी यस कार्यालयको website: www.tiairport.com.np बाट समेत Download गरी हेर्न सकिनेछ।

३. प्रस्ताव डकुमेन्ट्स खरिद गर्ने अन्तिम दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन कार्यालय समयभित्र प्रस्ताव डकुमेन्ट्स खरिद गर्न सकिनेछ। प्रस्ताव डकुमेन्ट्स खरिद गर्ने अन्तिम दिनको भोलीपल्ट दिनको १२:०० बजेभित्र प्रस्ताव डकुमेन्ट्स दाखिला गर्नु पर्नेछ। उक्त दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सोही समयभित्र दाखिला गर्न सकिनेछ। खामको बाहिर प्रस्तावदाताको नाम र कामको शिर्षक स्पष्ट रूपमा उल्लेख गरी यस कार्यालयलाई सम्बोधन गरेको हुनुपर्नेछ।

४. म्यादभित्र प्राप्त हुन आएका प्रस्तावहरू प्रथमपटक सूचना प्रकाशन भएको मितिले ३१औं दिनको दिउँसो २:०० बजे यस कार्यालयको प्रशासन महाशाखामा प्रस्तावदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। प्रस्तावदाता वा निजहरूको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन। ढिलो गरी प्राप्त भएको वा म्याद नाघि आएको तथा रित नपुगेको वा कुनै शर्त उल्लेख भई आएको शिलबन्दी प्रस्ताव मान्य हुने छैन।

५. प्रस्ताव डकुमेन्ट्सको सम्वन्धमा छलफल गर्न सूचना प्रकाशित भएको मितिले १६औं दिन अर्थात मिति २०७६।०९।३ गते दिनको १:०० बजे यस कार्यालयको प्रशासन महाशाखामा प्रि-बिड मिटिङ्ग हुनेछ।

६. प्रस्तावसाथ बोलपत्रदाताले धरौटीबापत तपशिलअनुसारको रकम त्रि.अ.वि.स्थित राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय गौचरमा रहेको यस कार्यालयको धरौटी खाता नं. १६९००००००१००६ मा नगद जम्मा गरेको धरौटी रकमको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल सरकारको मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट जारी गरिएको सिलबन्दी प्रस्ताव खोल्ने मिति देखि कम्तिमा प्रत्येक प्याकेजका लागि ४ महिना अर्थात् १२० (एक सय बीस) दिन मान्य अवधि भएको बैंक जमानीपत्र (Bid Bond) पेश गर्नु पर्नेछ। नगद जमानत राखेकोमा पछि बैंक ग्यारेन्टीमा परिणत गर्न पाइने छैन। स्वीकृत बोलपत्रदाताले नियमानुसार कार्य सम्पादन जमानत राखी सम्झौता गर्नु पर्नेछ।

**तपशिल**

**माथि शर्त १ मा उल्लेखित**

| | | |
|---|---|---|
| प्याकेज १(एक) का लागि | रु.३,१७,०००।- | (तीन लाख सत्र हजार मात्र) |
| प्याकेज २ (दुई) का लागि | रु.२,११,०००।- | (दुई लाख एघार हजार मात्र) |
| प्याकेज ३ (तीन) का लागि | रु.२,५५,०००।- | (दुई लाख पचपन्न हजार मात्र) |
| प्याकेज ४(चार) का लागि | रु.९,५८,०००।- | (नौ लाख अन्ठाउन्न हजार मात्र) |

७. प्रस्तावदाताले आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

८. प्रदान गर्नुपर्ने सेवा सम्बन्धी योग्यता, अन्य शर्तहरू कार्यालयबाट बिक्री हुने सिलबन्दी प्रस्तावमा उल्लेख भएबमोजिम हुनेछ।

९. प्रस्तावदाताले प्रस्तावहरू Bill of Quantities फाराममा के कति सेवा शुल्क लिई सेवा पुऱ्याउने हो ? सो उल्लेख गर्नुपर्नेछ। यस्तो सेवा शुल्क रकम सेवा करारमा काम गर्ने जनशक्तिको कूल पारिश्रमिक रकमको ५ प्रतिशतमा नबढने गरी मात्र उल्लेख गर्नुपर्नेछ। सो भन्दा बढी प्रतिशत उल्लेख भएको प्रस्ताव मान्य हुने छैन।

१०. रित नपुगी वा म्याद नाघी आएको प्रस्तावउपर कुनै कारबाही हुने छैन।

११. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. यसमा नपरेका अन्य कुराहरू प्रचलित ऐन, नियम, सिलबन्दी प्रस्ताव डकुमेन्ट्स तथा सम्झौतामा उल्लेख भएअनुसार हुनेछ।